प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको आंशिक परीक्षार्थीहरूलाई परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(मिति २०७९।१०।०९ गते प्रकाशित)

यस परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा सञ्चालित शिक्षण संस्थाहरूमा **प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य चिकित्सा आयुर्वेद, अकुपन्चर, डेन्टल साइन्स (डेन्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि (बाली विज्ञान र पशु विज्ञान), फार्मेसी, फिजियोथेरापी, योग एन्ड नेचुरोपेथी, फरेस्ट्री कार्यक्रमहरूको प्रथम वर्ष एवं डेन्टल कन्भर्जन प्रथम र दोस्रो वर्ष तथा डिप्लोमा इन इन्जिनियरिङ तर्फका कार्यक्रमहरू, होटल म्यानेजमेन्ट, फुड एन्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरसिप डेभलपमेन्ट प्रथम वर्ष दोस्रो खण्डको आंशिक** परीक्षाहरू सञ्चालन हुने भएकोले परीक्षार्थीहरूले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७९ साल माघ २२ गतेभित्र नियमित शुल्कमा र २०७९ साल माघ २९ गतेभित्र विलम्ब शुल्कमा तोकिएको हुँदा सम्बन्धित शिक्षालयहरूले अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित)** अन्तर्गत **डिप्लोमा इन सिभिल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ (स्पेसलाइजेसन इन हाइड्रोपावर), अटोमोबाइल इन्जिनियरिङ, जियोमेटिक्स इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ, इन्फर्मेसन टेक्नोलोजी, फुड एन्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेन्ट, इन्टरप्रेनरसिप डेभलपमेन्ट कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्ड**को आंशिक **र वार्षिक परीक्षा प्रणाली अन्तर्गतका सामान्य चिकित्सा, नर्सिङ, फिजियोथेरापी, फार्मेसी, कृषि (बाली विज्ञान र पशु विज्ञान) र फरेस्ट्री कार्यक्रमहरूको प्रथम वर्षको आंशिक** परीक्षा समेत सोही समयमा सञ्चालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनुहुन अनुरोध छ ।

साथै निम्न सर्तहरू पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षालयका विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**सर्तहरू :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरू सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रस्ट देखिने पासपोर्ट साइजको फोटो टाँसिएको हुनुपर्नेछ ।

२. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।- र प्रत्येक थप विषयका लागि रु.१५०।- का दरले नियमित शुल्कमा र विलम्ब शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनुपर्नेछ । साथै नियमित शुल्कको समयभित्र ITMS Online मा फाराम Entry नगरेमा विलम्ब शुल्क समेत लाग्नेछ ।

३. सम्बन्धित शिक्षालयहरूले परीक्षा आवेदन फाराम शुल्क बापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा विलम्ब शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट** अनिवार्य रूपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा Upload गर्नुपर्नेछ र **मिति २०७९ फागुन २ गतेभित्र नियमित तथा विलम्ब** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनुपर्नेछ ।

४. सम्बन्धित शिक्षालयहरूले परीक्षा आवेदन फाराम बुझाउँदा विषयगत आंशिक एवं नयाँ तथा पुरानो पाठ्यक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरूमा तोकिएको मितिभित्र दर्ता गर्नुपर्नेछ ।

५. आंशिक परीक्षार्थीको हकमा शैक्षिक सत्र २०७३/७४ (इ.सं. २०१६) देखि भर्ना भई रजिस्ट्रेसन भएका विद्यार्थीहरूले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन् ।

६. आंशिक परीक्षार्थीहरूको हकमा आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूको मात्र आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क परीक्षा फाराममा तथा ITMS online मा Entry गरी Internal Assessment प्रिन्ट गरेर सहीछाप गरी बुझाउनुपर्नेछ ।

७. आंशिकतर्फ शैक्षिक सत्र २०७३/७४ (इ.सं. २०१६) देखि भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका सम्पूर्ण कार्यक्रमहरूको परीक्षार्थीहरूको आवेदन फारामहरू ITMS online मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र Exam Sheet roll को Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ ।

८. आन्तरिक मूल्याङ्कन विषयको परीक्षामा उत्तीर्ण परीक्षार्थीहरू मात्र सो विषयको अन्तिम परीक्षामा सामेल हुन पाउनेछन् । आन्तरिक मूल्याङ्कन विषयको परीक्षामा अनुत्तीर्ण (NQ) भएका परीक्षार्थीहरूले सो विषयको परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

९. अन्य शिक्षालयबाट रजिस्ट्रेसन भएका विद्यार्थीहरूको हकमा उक्त शिक्षालयको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ ।

१०. आंशिकतर्फ शैक्षिक सत्र २०७३/७४ (इ.सं. २०१६) मा भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र पहेँलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनुपर्नेछ ।

११. शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरूको बैंक खाता विवरण यस प्रकार रहेको छ ।

(क) प्रा.शि.व्या.ता. परिषद्, १ नं. प्रदेश कार्यालय, इटहरी, सुनसरी : रा.वा. बैंक, इटहरी शाखा, च.हि.नं. २५५०१०००१२७८००१,

(ख) प्रा.शि.व्या.ता. परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा : रा.वा. बैंक, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौंडा : रा.वा. बैंक, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की : रा.वा. बैंक, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही : रा.वा. बैंक, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,

(च) प्रा.शि.व्या.ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत : रा.वा. बैंक, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा.शि.व्या.ता. परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली : रा.वा. बैंक, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नुपर्नेछ ।

**नोट :**

परीक्षा आवेदन फाराम भरेका परीक्षार्थीहरूको सिम्बल नं. ITMS Online बाट एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७९।१०।२२ गतेभित्र नियमित शुल्कको तथा मिति २०७९।१०।२९ गते भित्रमा विलम्ब शुल्कको ITMS Online मा शिक्षालयहरूले परीक्षार्थीहरूको आवेदन फाराम Entry गरिसक्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि उपलब्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**